सुनापति गाउँपालिका हिलेदेवी, रामेछाप

# स्थानीय राजपत्र

खण्डः ८ | संख्याः ८ | कार्यपालिका बैठकबाट पारित

मितिः २०८१/१०/१५

## भाग-२

## एम्बुलेन्स र सव वाहन सञ्चालन सेवा तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१

| | |
|---|---|
| राजपत्रमा प्रकाशित मिति: | २०८१/१०/१६ |

सुनापति गाउँकार्यपालिका

हिलेदेवी,रामेछाप,

बागमती प्रदेश



CamScanner

# एम्बुलेन्स र सव वाहन सञ्चालन सेवा तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१

प्रस्तावना

यस सुनापति गाउँपालिका, रामेछापद्वारा एम्बुलेन्स सेवालाई सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्सलाई जनताको पहुँच सम्म पुर्याई सेवाको गुणस्तर वृद्धि गर्नुपर्ने भएकाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को अधिकार प्रयोग गरी सुनापति गाउँकार्यपालिकाले यो एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१ तयार पारेको हो ।

१. संक्षिप्त नाम र प्रारम्भ

(क) यस कार्यविधिको नाम एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ रहनेछ ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भए पश्चात तुरुन्त कार्यान्वयन हुनेछ ।

२. परिभाषा :- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) एम्बुलेन्स भन्नाले बिरामी ओसारपसार, ल्याउन/पुर्याउने सवारी साधन र शवबाहनलाई समेत सम्झनु पर्दछ ।

(ख) एम्बुलेन्स जनशक्ति भन्नाले एम्बुलेन्समा रहने स्वास्थ्यकर्मी वा चालकलाई सम्झिनु पर्दछ ।

(ग) चालक भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झिनु पर्दछ ।

(घ) संस्था भन्नाले एम्बुलेन्स सेवा संचालन गर्ने सुनापति गाउँपालिका वा सुनापति १० शैयाको आधारभूत अस्पताललाई सम्झनुपर्दछ ।

(ङ) समिति भन्नाले एम्बुलेन्स सेवा संचालन गर्न गठन भएको समितिलाई सम्झनु पर्दछ ।

(च) शूल्क भन्नाले समितिले तोकेको अनुमति नविकरण तथा सेवा शुल्कलाई सम्झनुपर्दछ ।

(छ) सेवा भन्नाले एम्बुलेन्सले आकस्मिक वा अन्य गम्भीर प्रकृतिका स्थानीय स्तरमा उपचार हुन नसकी सुविधा सम्पन्न अस्पताल सम्म लाने र ल्याउने बिरामीलाई दिने सम्पूर्ण सेवा सम्झनु पर्दछ ।

३. एम्बुलेन्स/ सव बाहन संचालन अनुमतिः नेपाल सरकारको प्रचलित कानुन अनुसार हुनेछ ।

४. सुनापति गाउँपालिकाको काम कर्तव्य -

१. प्रचलित कानुनमा उल्लेख भए बमोजिमको सर्तहरुको पालना गरी समितिको समन्वयमा एम्बुलेन्स सेवा संचालन गर्नुपर्ने ।

२. समितिले तोके अनुसारको भाडा लिई सो को बिल सेवाग्राहीलाई उपलब्ध गराउने ।

३. बिरामीलाई बिरामी रहेको ठाउँ वा घटनास्थलबाट अस्पताल वा उपचार स्थलसम्म वा चिकित्सक वा स्वास्थ्य संस्थाले सिफारिस गरे बमोजिम बिरामीको बासस्थान सम्म पुर्याउनको लागि मात्र एम्बुलेन्सको प्रयोग गर्नु पर्दछ।

४. कुनैपनि बाहानामा एम्बुलेन्स सेवाबाट कसैलाई पनि बञ्चित गर्न पाइनेछैन ।

५. एम्बुलेन्सलाई २४ सै घण्टा सेवा प्रदान गर्ने हालतमा राख्नु पर्नेछ ।



CamScanner

६. एम्बुलेन्स सेवा प्रदान गरे वापत प्राप्त आम्दानीको छुट्टै अभिलेख राखुपर्नेछ र प्रत्येक बर्ष लेखापरीक्षण गराउनुपर्नेछ र सो को प्रतिबेदन कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

७. एम्बुलेन्स सचालनबाट प्राप्त आम्दानि र त्यसका लागि भएको खर्च प्रत्येक ४-४ महिनामा एम्बुलेन्स सेवा संचालन समितिलाई जानकारी गराउनुपर्नेछ ।

८. गाउँपालिकाबाट प्राप्त निर्देशनलाई समितिले अक्षरश पालना गर्नुपर्नेछ ।

४. एम्बुलेन्सको मापदण्ड तथा बर्गिकरण

१. राष्ट्रिय प्रदुषण मापदण्ड अनिवार्यरुपमा पालना गर्नुपर्नेछ ।

२. एम्बुलेन्सको पहिचान हुनेगरी साइरन बत्ति जडान, फोरहील ड्राइभ भएको हुनुपर्नेछ ।

३. एम्बुलेन्समा एम्बुलेन्स शब्द र गाउँपालिका र चालकको टेलिफोन नम्बर अंग्रेजी र नेपाली दुवै भाषामा लेखिएको हुनुपर्नेछ ।

४. एम्बुलेन्सको बर्गिकरण खुल्ने गरी बर्ग उल्लेख भएको हुनुपर्नेछ ।

५. एम्बुलेन्स १००० सि.सि. भन्दा बढी भएको हुनुपर्नेछ ।

६. एम्बुलेन्स चालकको सिट पछाडी कुनैपनि सिट नराखेको हुनुपर्नेछ ।

७. तोकेको भाडा दर प्रमाणित गराई एम्बुलेन्स भित्र कुनै भागमा टाँस गर्नुपर्दछ ।

८. एम्बुलेन्सको बर्गिकरण, एम्बुलेन्स संचालन अनुमति, अनुमतिको नविकरण, एम्बुलेन्स संजाल तथा ट्र्याकिंग, अनुमति रद्द हुने सम्बन्धि व्यवस्था "राष्ट्रिय एम्बुलेन्स निर्देशिका २०७८" बमोजिम हुनेछ ।

५. एम्बुलेन्स संचालनको क्षेत्र सुबिधा : सुनापति गाउँपालिका बाट मन्थली, रामेछाप ,धुलिखेल, भक्तपुर, काठमाडौं जिल्ला वा छिमेकी गाउँपालिकाहरु बाट माथि उल्लेखित स्थानहरुमा मात्र संचालन गरिनेछ भने विशेष परिस्थितिमा विशेष निर्णय गरीनेछ ।

६. एम्बुलेन्स संचालन कोषको व्यवस्थापन :-

१. छुट्टै खाता संचालन गरी एम्बुलेन्स संचालन कोषको व्यवस्थापन गरिनेछ ।

२. एम्बुलेन्सबाट प्राप्त सेवा शुल्क उक्त कोषमा जम्मा गरिनेछ ।

३. कोषमा जम्मा गरेको रकमबाट एम्बुलेन्सको मर्मत सम्भार ,इन्धन, चालकलाई तलब भत्ता उपलब्ध गराइनेछ ,यदि उक्त,कोषमा जम्मा भएको रकमबाट अपुग हुन गएमा गाउँपालिकाबाट थप रकम व्यवस्था गरिनेछ ।

द्रष्टव्य : यस दफाको उप दफाहरु कार्यान्वयनको लागि आधारभूत अस्पताल पूर्णरुपमा संचालन हुनुपर्नेछ । अस्पतालमा नै प्रशासन र आर्थिक प्रशासन शाखा व्यवस्था भएपश्चात मात्र.एम्बुलेन्स संचालन कोष शुरुवात गरिनेछ । एम्बुलेन्स संचालन कोष नहुँदा सम्म एम्बुलेन्स सेवा शुल्क पालिकाकै राजश्व खातामा दाखिला भई ईन्धन,मर्मत र चालकको सेवा सुविधा पालिकाबाट नै व्यवस्था गरिनेछ ।

७. एम्बुलेन्स/ सब बाहन सेवा संचालन समिति :-

एम्बुलेन्स संचालन व्यवस्थापन अनुगमन गर्न देहायको पदाधिकारीहरु रहेको एम्बुलेन्स सेवा संचालन समिति रहनेछ -



CamScanner

१. अध्यक्ष - गाउँपालिका प्रमुख
२. सदस्य - सम्बन्धित वडाको महिला सदस्य -१
३. सदस्य - स्वास्थ्य शाखा प्रमुख - १
४. सदस्य - सम्बन्धित वडाको वडाध्यक्ष -१
५. सदस्य सचिव - गाउँपालिकाको आर्थिक प्रशासन शाखा प्रमुख -१

८. एम्बुलेन्स/ सब वाहन संचालन कोष स्थापना :- एम्बुलेन्स संचालन र संचालन तपसिलका पदाधिकारीहरु रहने गरी रहने छ र कोषको खाता संचालन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त हस्ताक्षरबाट हुनेछ -

१. संयोजक — प्रमुख प्रशासकीय अधिकृत
२. सदस्य — स्वास्थ्य शाखा प्रमुख
३. सदस्य — आर्थिक प्रशासन शाखा प्रमुख

९. एम्बुलेन्स/ सब वाहन सेवा शुल्क :-

एम्बुलेन्स सेवा संचालन गर्नकालागी समितिले तोकेको भाडा दरलाई एम्बुलेन्स सेवा शुल्क बुझ्नु पर्दछ । उक्त दुरी बर्गिकरण गरी देहाय बमोजिमको एकतर्फी भाडा दर निर्धारण गरिएको छ -

१. सुनापतिबाट काठमाडौं सम्म प्रति टिप - रु.९०००/-
२. सुनापति गाउँपालिका बाट भक्तपुर सम्म प्रति टिप- रु.८०००/-
३. सुनापति गाउँपालिका बाट धुलिखेल सम्म प्रति टिप- रु.७५००/-
४. सुनापति गाउँपालिका बाट रामेछाप सम्म प्रति टिप- रु.६०००/-
५. सुनापति गाउँपालिका बाट मन्थली सम्म प्रति टिप- रु.५५००/-
६. सुनापति गाउँपालिका बाट सिन्धुलीमाढीसम्म प्रति टिप- रु.७५००/-
७. सुनापति गाउँपालिका बाट खुर्कोट (सिन्धुली) सम्म प्रति टिप - रु.६०००/-
८. पालिका भित्र दुरीको आधारमा प्रति टिप निम्नानुसार हुनेछ -
   क) १- ५ कि.मि. - १०००
   ख) ५-१० कि.मि . - १५००
   ग) १०-१५ कि.मि. - २०००
   घ) १५- २० कि.मि. -२५००
   ङ) २०- ३० कि.मि. — ३०००

९.एम्बुलेन्स / सब वाहन चालक नियुक्ति सम्बन्धमा

१. रितपूर्वक सवारी चालक अनुमति पत्र लिएको ।

२. सवारी चालकको न्युनतम पाँच बर्ष अनुभव भएको ।

३. कम्तिमा २४ बर्ष उमेर पुरा गरेको ।

४. आकस्मिक उपचार समन्वय समितिले तोके बमोजिम प्राथमिक उपचारको तालिम प्राप्त गरेको ।

५. चालकसंगको सम्झौता अनुसूची -१ बमोजिम हुनेछ ।

१०.एम्बुलेन्स / सव बाहन चालकको तलब भत्ता/सुबिधा सम्बन्धमा : एम्बुलेन्स चालकको मासिक तलब भत्ता समितिले तोके बमोजिम हुनेछ ।

११.एम्बुलेन्स/ सव बाहन चालकले पालना गर्नुपर्ने आचार संहिता :

१. एम्बुलेन्स संचालन कार्यविधि २०८१ लाई पूर्ण रुपमा परिपालना गर्नुपर्नेछ ।

२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमान्दारीता र विश्वसनीयतालाई कायम गर्दै आफ्नो पेशाको मान मर्यादा खलल पुग्ने कुनै काम गर्न पाइनेछैन ।

३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन पाइनेछैन ।

४. बिरामी ओसारपसार गर्ने क्रममा बिरामीको बारेमा पर्याप्त जानकारी लिई उपचार सहयोग गर्नुपर्नेछ ।

५. बिरामीलाई बीच बाटोमा छोड्न पाइनेछैन ।

६. दैनिक सेवा शुल्क बापत उठेको रकम समितिले तोकेको बैंक खातामा बढीमा एक हप्ता भित्र जम्मा गरी सो को बैंक भौचर समितिलाई पेश गर्नु पर्नेछ ।

७. आफ्नो कामको सिलसिलामा भएका कुनैपनि सुचना गोप्य राख्नु पर्ने तथा बिरामीबाट पाएको जानकारी कुनै तेस्रो पक्षलाई बताउन नहुन्जे तर कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सुचनाको बारेमा जानकारी दिनुपर्नेछ ।

८. प्रचलित कानुनको पालना गर्नुपर्नेछ ।

९. सेवाग्राहीबाट प्राप्त तोकिए बमोजिमको एम्बुलेन्स सेवा शुल्क बापतको रकम बुझिलिंदा अनिवार्य रुपमा नगदी रसिद प्रदान गर्नुपर्नेछ । रसिद समाप्त भएपछी अर्धकट्टी अनुसारको प्राप्त सेवा शुल्कको कुल जोड जम्मा गरेको नगद वा बैंक भौचरको हिसाब बुझाए पछी मात्र अर्को नगदी रसिद दिइनेछ ।

१२. यस कार्यविधि संसोधन सम्बन्धि व्यवस्था : यस कार्यविधिको कुनै बुँदा संसोधन गर्न आवश्यक परेमा कार्यपालिकाको निर्णय बमोजिम संसोधन गर्न सकिनेछ ।

अनुसुची -१

सवारी चालक संगको सम्झौता पत्रको ढाँचा

नाम :

ठेगाना : ना.प्र.नं. : जिल्ला :

लाइसेन्स नं.

लाइसेन्स जारी मिति :

ले उल्लेखित आचार संहिता अध्ययन तथा पालना गरेको छु , रामेछाप जिल्ला सुनापति गाउँपालिको, हिलेदेवीको मातहतमा रहेको एम्बुलेन्स चलाउँदा मैले यो आचार संहिता पूर्णरुपमा पालना गर्नेछु भनी सहमती जनाई सहिछाप गरेको छु ।

चालकको
दस्तखत :
नाम थर :
ठेगाना :
मिति :

कार्यालयको तर्फ बाट
दस्तखत :
नाम थर :
पद : प्रमुख प्रशासकीय अधिकृत
मिति :

साक्षी
दस्तखत :
नाम :
पद

अनुसूची -२

नगदी रसिदको नमुना -

सुनापति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

रसिद न | हिलेदेवी, रामेछाप | मिति :

नगदी रसिद

श्रीमान्/श्रीमती/सुश्री ..........................................................ज्यू बाट ..................... देखि ...................सम्म सुनापति गाउँपालिकाको एम्बुलेन्स सेवा वापत नगद रु. ..................... अक्षेरुपी रु.....................................................नगद/ चेक स-धन्यवाद प्राप्त भयो। धन्यवाद।

| रु. |
|---|

........................ बुझाउनेको सही

........................ बुझिलिनेको सही

अनुसूची-३

सुनापति गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हिलेदेवी, रामेछाप ।

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
सुनापति गाउँपालिका,
हिलेदेवी, रामेछाप ।

मिति ............ देखि ............ सम्म एम्बुलेन्स सेवा शुल्क बापत सेवाग्राहीबाट सकलन भएको निम्न बमोजिमको रकम पालिका/एम्बुलेन्स संचालन कोष को बैंक खाता नं. ................................ मा जम्मा गरी सक्कल भौचर पेश गरेको छु –

| क.स. | रसिद न. | गन्तव्य | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| | | देखि सम्म | | |
| | | देखि सम्म | | |
| | | देखि सम्म | | |
| | | देखि सम्म | | |
| | | देखि सम्म | | |
| | | देखि सम्म | | |
| | | देखि सम्म | | |
| | | देखि सम्म | | |
| | | देखि सम्म | | |
| जम्मा रु. | | | | |

जम्मा गर्नेको सही :
नाम :
पद :

प्रमाणित गर्नेको सही :
नाम :
पद :

आज्ञाले:

नाम: सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत